# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर महाप्रसाद अधिकारीद्वारा 41st SAARCFINANCE Governors' Group Meeting तथा Symposium मा सहभागिता ।

गभर्नर महाप्रसाद अधिकारीले २०७७ फागुन १७ र १८ गते भर्चुअल माध्यममा आयोजित SAARCFINANCE Governors' Group Meeting and Symposium विषयक कार्यक्रममा सहभागिता जनाउनुभयो ।

भारतीय रिजर्भ बैंकद्वारा आयोजित उक्त कार्यक्रम अन्तर्गत फागुन १७ गते 41st SAARCFINANCE Governors' Group Meeting तथा फागुन १८ गते SAARCFINANCE Governors' Symposium का रुपमा आयोजना गरिएको थियो ।




उक्त बैठकमा SAARCFINANCE Governors बीच विभिन्न विषयबस्तुमा छलफल भएको थियो । सो Group Meeting पश्चात् SAARCFINANCE Collaborative Study सम्बन्धमा Comparison of Financial Sector Regulatory Regimes in the SAARC Region" विषयमा श्रीलङ्काको केन्द्रीय बैंकद्वारा प्रस्तुति दिइएको थियो ।

सोही बैठकमा नेपालका तर्फबाट गभर्नर महाप्रसाद अधिकारीले नेपालको Macro Surveillance Indicators (MSI) बारे प्रस्तुती गर्दै उक्त दुई दिवसीय कार्यक्रमको सफलताको शुभकामना दिनुभयो ।

साथै कोभिड-१९ विरुद्धको खोपको अन्वेषणमा संलग्न वैज्ञानिक, चिकित्सक र खोप उपलब्धताको निम्ति भारत सरकारलाई भारतीय रिजर्भ बैंक मार्फत उहाँले धन्यवाद दिनुभयो ।

सो कार्यक्रममा Collaborative Study का लागि नेपाल राष्ट्र बैंकले प्रस्ताव गरेका "Prospect of Central Bank Digital Currency (CBDC) in SAARC Region" विषयलाई आगामी वर्ष संयुक्त रूपमा अध्ययन गर्ने निर्णय समेत भएको छ ।

कार्यक्रमको दोस्रो दिनको SAARCFINANCE Governors' Symposium मा भारतीय रिजर्भ बैंकका डेपुटी गभर्नर Dr. M. D. Patra ले स्वागत मन्तव्य राख्नुभएको थियो भने भारतीय रिजर्भ बैंकका गभर्नर Shri Shakti Kanta Das ले उद्‌घाटन मन्तव्य राख्नुभएको थियो । उक्त कार्यक्रममा Bank for International Settlement (BIS) का Jermy Prenio ले Suptech and Central Banking सम्बन्धी Keynote Address दिनुभयो । उक्त Symposium मा Cyber Security in Central Banks सम्बन्धी प्यानल छलफल भएको थियो ।



सो अवसरमा भारतीय रिजर्भ बैंकले सार्कफाइनान्सको अध्यक्षता अप्रिल १, २०२१ देखि लागु हुने गरी माल्दीभ्स मनीटरी अथोरिटी लाई हस्तान्तरण गरेको थियो ।

सो अवसरमा भारतीय रिजर्भ बैंकका कार्यकारी निर्देशक आर सुब्रमनियनले समापन मन्तव्य राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका तर्फबाट कार्यकारी निर्देशकहरू डा. नेफिल मातङ्गि मास्के, डा. गुणाकर भट्टलगायतको सहभागिता थियो ।

२०७७ फागुन २० गते

गभर्नरको कार्यालय